का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ असोज २०७९,
बुधबार
28 September 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नै

वर्ष २०, अंक २३५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



बागलुङ नगरपालिका-६ स्थित धार्मिक पर्यटकीयस्थल सर्वसिद्धिधाम पञ्चकोट । पछिल्लो समय दैनिक सयौंको संख्यामा पर्यटक आउन थालेका छन् । तस्वीरः डम्मर बुढा मगर, रासस

चाडपर्वको बेला सवारी साधनमा भीडभाड नगरौं, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।

दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

निर्वाचन आचारसंहिता लागू

# चुनावी प्रचारमा कार्यकारीलाई कडाई

निर्वाचन आचारसंहितामा संघीय सरकारका प्रधानमन्त्री, मन्त्री, प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्री तथा स्थानीय तहका कार्यपालिका सदस्य चुनाव प्रचार प्रसारमा हिँड्न नपाउने प्रावधान छ ।



निर्वाचन आचारसंहिताको पालना र कार्यान्वयन गर्न सबैको सहयोगको अपेक्षा गरेको छु ।

**दिनेशकुमार थपलिया**
प्रमुख निर्वाचन आयुक्त

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ असोज ।

आगामी ४ मङ्सिरमा हुने चुनावका लागि आजदेखि निर्वाचन आचारसंहिता लागू भएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाका अनुसार निर्वाचन आयोगको मंगलबार बसेको बैठकले १२ असोजदेखि निर्वाचन आचारसंहिता कार्यान्वयन गर्ने निर्णय गरेको हो ।

'निर्वाचन आयोगले असोज १२ गते बुधबारदेखि निर्वाचन आचारसंहिता, २०७९ लागू गर्ने निर्णय गरेको छ । आचारसंहिताको पालना र कार्यान्वयन गर्न सबैको सहयोगको अपेक्षा गरेको छु' प्रमुख निर्वाचन आयुक्त थपलियाले भनेका छन् ।

नेपाल राजपत्रमा प्रकाशित आचारसंहितामा संघीय सरकारका प्रधानमन्त्री, मन्त्री, प्रदेश – बाँकी पृष्ठ २ मा

## ६० बुँदे निर्देशन

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ११ असोज ।

निर्वाचन आयोगले राजनीतिक दलहरूलाई ६० बुँदे निर्देशन दिएको छ । आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउन निर्देश गरेको हो ।

आयोगको मंगलबार बसेको बैठकले निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ र निर्वाचन आचारसंहिता, २०७९ मा भएका कानुनी व्यवस्था कार्यान्वयन र परिपालना गर्न निर्वाचन प्रयोजनका लागि दर्ता भएका राजनीतिक दललाई निर्देशन दिएको हो ।

दर्ता भएका दलहरुले निर्वाचनको सिलसिलामा कुनै पनि व्यक्तिलाई उम्मेदवार दिन वा प्रचारप्रचार गर्न, मतदानको अधिकारबाट वञ्चित गराउन, हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्न नपाउने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । निर्वाचनको अवधिभित्र – बाँकी पृष्ठ २ मा

## दलहरू असन्तुष्ट

राजनीतिक दलहरूले भने आचारसंहिताको कतिपय व्यवस्थाप्रति असन्तुष्टि जनाएका छन् । मन्त्री, प्रधानमन्त्री, प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्री तथा स्थानीय तहका कार्यपालिका सदस्यहरू राजनीतिक व्यक्तित्व भएकाले पार्टीको जनमत बढाउन चुनाव प्रचारमा जान दिनुपर्ने दलहरूको माग मत छ ।

नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महत भन्छन्, 'गठबन्धनका दलहरू र प्रतिपक्षी दलले समेत प्रधानमन्त्री र मन्त्रीहरूले प्रचारमा जान नपाउने प्रावधान व्यावहारिक भएन भनिरहेका छन् ।' प्रधानमन्त्री देशको कार्यकारी प्रमुख भएकाले दैनिक भ्रमण स्वाभाविक हुने महतको भनाइ रहेको छ ।

पाँच दलीय गठबन्धनका दलहरू र प्रमुख प्रतिपक्षी दलले समेत प्रधानमन्त्री र मन्त्रीहरूले प्रचारमा जान नपाउने प्रावधान व्यावहारिक भएन भनिरहेका छन् ।

**डा. प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस

प्रधानमन्त्री शेरबहादुर देउवा कांग्रेसको सभापति तथा मन्त्रीहरू पार्टीको जिम्मेवार पदमा पनि रहेकाले जनमत बनाउन हिंड्नु स्वाभाविक भएको महतको भनाइ छ । 'प्रधानमन्त्री हाम्रो पार्टीको पनि सभापति हुनुहुन्छ, मन्त्रीहरू पनि पार्टीको महत्वपूर्ण जिम्मेवारीमा हुनुभएको हुँदा आफ्नो पार्टीका पक्षमा जनमत बनाउन हिँड्न नपाउने – बाँकी पृष्ठ २ मा

# कार्कीलाई पूर्वप्रधानन्यायाधीश सरह सुविधा !

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ असोज ।

सामान्यतया जुन हैसियतमा राष्ट्रसेवकले अवकाश पाउँछ त्यही तहको सेवा सुविधा अवकाश पछि पनि पाउँछ । यो विश्वव्यापी रुपमा समेत चलिएको अभ्यास हो । तर, कामू प्रधानन्यायाधीश दीपककुमार कार्कीको हकमा सरकारले अवकाशपछि पूर्वप्रधानन्यायाधीश सरहको सुविधा दिने निर्णय गरेको छ ।

एक मन्त्रीका अनुसार केही दिन अगाडि बसेको मन्त्रिपरिषद् बैठकले ६ महिनाभन्दा बढी अवधि कामू प्रधानन्यायाधीश भएका न्यायाधीशलाई गाडी र सवारीचालकको सुविधा दिने निर्णय गरेको हो । 'कार्कीका हकमा पूर्वप्रधानन्यायाधीश कै सरह सेवा सुविधा दिने निर्णय भएको छ' ति मन्त्रीले भने ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध १ फागुन २०७८ मा महाअभियोग प्रस्तावका कारण उनी निलम्बनमा परेपछि कार्की कामु प्रधानन्यायाधीश भएका थिए । उनले ६५ वर्षका उमेर हदका कारण १६ असोजमा अवकाश पाउँदैछन् । अवकाशअघि बसेको मन्त्रिपरिषद बैठकले ६ महिना कामु प्रधानन्यायाधीश भइसकेका – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# तीन महिनामा झण्डै आधा अर्ब क्षतिपूर्ति

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असोज

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीका क्रममा ठगीमा परेका पीडितहरुलाई तीन महिनाको अवधिमा ४८ करोड रुपैयाँभन्दा बढी क्षतिपूर्ति उपलब्ध गराएको बताएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले मंगलबार आफ्नो तीन महिने अवधिमा गरेका कामको विवरण सार्वजनिक गर्दै उक्त जानकारी दिएका हुन् ।

मन्त्री कुँवरले चालु आर्थिक वर्षमा वैदेशिक रोजगार विभागमा आएको निवेदनका आधारमा पीडितहरूलाई ४८ करोड ४ लाख ८५ हजार रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराइएको बताए । वैदेशिक रोजगारीको क्रममा भएका ठगीको उजुरी जिल्ला प्रशासन कार्यालयले हेर्ने र उजुरीमा कारबाही गरी पीडितलाई क्षतिपूर्ति दिलाउने व्यवस्था करिब तीन वर्षदेखि कार्यान्वयनमा छ । मन्त्री कुँवरले उक्त व्यवस्था पीडितहरूलाई न्याय दिन प्रभावकारी रहेको भन्दै आगामी दिनमा त्यसलाई



संघीयताको मर्मअनुसार थप प्रभावकारी बनाउने बताए ।

तीन महिनाको अवधिमा बेलायतमा स्वास्थ्य क्षेत्रका जनशक्ति 'नर्स' पठाउने सम्बन्धी श्रम समझदारी पत्रमा हस्ताक्षर, रोमानियाको भिसा प्रक्रियालाई सरल बनाउन ताहाचलमा अस्थायी मिसन स्थापना, – बाँकी पृष्ठ २ मा

### सहमति छलेर प्रशासनमा उजुरी दर्ता गरी म्यानपावरबाट दोहोरो असुल्ने प्रयास



**काठमाडौं/मस–** कोपरासी इन्टरनेशनल प्रा.लि.का सञ्चालक राजीव रञ्जनले ओमानबाट उद्धार गरेर स्वदेश फर्काएका युवाहरूले वैदेशिक रोजगार विभागमा क्षतिपूर्ति र मेलमिलापका माध्यमबाट समस्या समाधान भइसकेको विषयमा जिल्ला प्रशासन कार्यालय रौतहटलाई गुमराहमा राखी दोहोरो – बाँकी पृष्ठ २ मा

# सपनामै सीमित घोषणापत्र

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ११ असोज ।

हरेक चुनावमा जस्तै आगामी मंसिरमा हुने प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनका लागि दलहरु घोषणापत्र निर्माणको तयारीमा जुटेका छन् । सत्तागठबन्धनभित्र रहेको दल नेपाली कांग्रेसले छुट्टै घोषणापत्रको तयारी गर्दैछ भने नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले एउटै घोषणापत्र बनाउने तयारी गरेका छन् । त्यस्तै, नेकपा एमाले, लोसपा, राप्रपा लगायतका दलहरु घोषणापत्र निर्माणको आन्तरिक तयारीम जुटिसकेका छन् । स्वतन्त्र उम्मेद्वारहरु पनि आफ्ना एजेण्डा लिएर जनताको घरदैलोमा पुग्ने तयारीमै छन् । राष्ट्रिय दलदेखि स्वतन्त्र उम्मेद्वार समेतले चुनावी एजेण्डाको चाङ ल्याएपनि जनताले भने उनीहरुको योजना पत्याउनै छाडिसकेका छन् ।

हरेक पटकको चुनावमा विकास, परिवर्तन र समृद्धिका एजेण्डा ल्याएपनि कसैले केही काम नगरेको भन्दै उनीहरु रुष्ट बनेका हुन् ।'हामी त यो पटक भोट हाल्नै नजाने, जति भोट हालेपनि हामीलाई केही हुने हैन, सधैंको सास्तीमात्रै!' ठेलामा मकै बेच्दै गरेकी काभ्रेकी सरस्वती तामाङले भनिन् । उनले कोही पार्टीप्रति पनि विश्वास नरहेको बताएकी छिन् ।

वि.सं. २०१५ सालमा सम्पन्न पहिलो संसदीय निर्वाचन पछि अहिलेसम्म दलहरुले आठौं घोषणापत्र जारी गर्दैछन् । नेपाली कांग्रेसले महामन्त्री विश्वप्रकाश शर्माको नेतृत्वमा ४१ सदस्यीय कार्यदल बनाएको छ । पार्टीका ६ सहमहामन्त्रीसहित केही केन्द्रीय सदस्य र बुद्धजीवीहरु सम्मिलित व्यक्तिहरुले घोषणापत्र बनाउने तयारी गरेपनि जनताले यसमा आशा जगाउन सकेको छैन । यद्यपि, कांग्रेसले बनाउन लागेको घोषणापत्रले देशको सबै क्षेत्र, समुदायसहित सर्वाङ्गीन विकासको अवधारणा आममतदातामाझ ल्याउने महामन्त्री शर्माको दाबी छ ।

त्यस्तै, नेकपा एमालेले पनि घोषणापत्र निर्माणका लागि विज्ञ सहितको टिम बनाएको छ । वर्षेनी घोषणापत्र अनेक बुँदाहरु थपेपनि त्यसमा जनताले विश्वास भने गर्न सकेका छैनन् । त्यस्तै, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पनि समाजवादको सपना देखाउँदै संयुक्त घोषणापत्र निर्माणको तयारीमा जुटेको छ । तरपनि, उक्त दलप्रति जनविश्वास बढेको देखिदैंन । त्यस्तै, बाँकी रहेका दल र स्वतन्त्रहरु पनि विकास र समृद्धिको सपना देखाउँदै घोषणा पत्र निर्माणको तयारीमा जुटेका छन् । यद्यपि, उनीहरुबाट पनि जनताको सपना पूरा हुने अवस्था भने छैन । 'अहिले सबै दलहरु घोषणापत्र बनाउने तयारीमा जुटेपनि उनीहरुबाट जनताको आशा पूरा हुने अवस्था भने छैन, अब दलहरु नसच्चिए जनताले नै विद्रोह गर्ने सम्भावना बढेको छ,' राजनीतिक विश्लेषक डा. राजेश अहिराजले भने । – बाँकी पृष्ठ २ मा



दलहरु घोषणापत्र बनाउने तयारीमा जुटेपनि उनीहरुबाट जनताको आशा पूरा हुने अवस्था छैन् । दलहरु अब पनि नसच्चिए जनताले नै विद्रोह गर्ने सम्भावना बढेको छ ।

**डा. राजेश अहिराज**
राजनीतिक विश्लेषक

मध्यान्ह
www.madhyanhadaily.com
१२ असोज २०७९, बुधबार
28 September 2022, Wednesday

# काठमाडौं महानगरद्वारा बजार अनुगमन

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले दशैं लक्षित बजार अनुगमन गरेको छ। महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोल नेतृत्वको टोलीले मंगलबार दशैं लक्षित बजार अनुगमन गरेको हो । काठमाडौं महानगर उपप्रमुख डंगोलको टिमले टुकुचास्थित तरकारी बजार, खाद्यन्न पसल र मासु पसल र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको स्टोरहरुमा अनुगमन गरेको छ ।



टोलीले महानगरभित्र रहेको भित्रि पसलहरुमा गएर सामानको बिल, रजिष्ट्रेशन गरे/नगरेको सामानको उत्पादन मितिको जाँच गरेको थियो । बजार अनुगमनका क्रममा सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै उपमेयर डंगोलले बजारमा अखाद्य वस्तु धेरै बेचिरहेको पाइएको बताइन् । बजारमा उपभोक्ताहरुलाई ठग्ने र अखाद्य सामग्री बेच्नेहरुलाई कानूनअनुसार कारबाही गर्ने चेतावनी उनको छ ।

अनुगमनका क्रममा खाद्य विभागमा उत्पादित मिति मेटिएको खाद्य सामग्री पाइएको थियो । जसमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडकी तर्फबाट बागमती प्रादेशिक प्रमुख ज्ञानु थापाले मिति सकिएका खाद्य सामग्री विभागले नबेचेको दाबी गरिन् । कम्पनीले यस वर्षको दशैंका लागि विभागले १८ सय खसीबोका र ५ सय च्याङ्ग्रा ल्याउने तयारी गरेको छ । कतिपय च्याङ्ग्राहरु आइसकेको र केही आउने क्रममा छन् ।

त्यस्तै उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले उपभोक्तालाई खाद्य सामग्री प्रदान गर्ने कुरामा राज्य जिम्मेवार नबनेको आरोप लगाए । उनले महानगरले गरेको आजकै अनुगमनमा पनि सरकारी संस्थाहरुमा नै अखाद्य सामग्री फेला परेको भन्दै आक्रोश व्यक्त गरे । उपभोक्ता अधिकारकर्मीले नागरिकप्रति सरकारी संस्थाहरु जिम्मेवार बन्नुपर्ने र विशेष गरी स्थानीय सरकारले यसको जिम्मा लिन आवश्यक रहेको बताएका छन् । अहिले अहिले बजार अनुगमन नियमित हुन नसकेको पनि उनीहरुले बताए ।

# अरूले जितेपछि पुरस्कार दिन्छन्, हामीले पहिले नै घोषणा गरेका छौं : मुख्यमन्त्री शाही

**सुर्खेत/मस-** कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीले अरूले खेलाडीहरुले खेल जितिसकेपछि मात्रै पुरस्कार दिने तर कर्णाली प्रदेशले भने जित्नुभन्दा अगाडि नै पुरस्कारको व्यवस्था गरेको बताएका छन् । गण्डकी प्रदेशको पोखरामा यही असोज २८ देखि कात्तिक ३ गतेसम्म सञ्चालन हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता, २०७९ को ट्रफी अनावरण कार्यक्रममा उनले हिजोका दिनमा कर्णालीलाई हरेक क्षेत्रमा विकट भनी प्रचार गरिए पनि खेल क्षेत्रमा कर्णाली अगाडि रहेको बताए ।

उनले कर्णालीले खेल क्षेत्रमा धेरै सम्भावना बोकेका कारण कर्णाली प्रदेश सरकारले पनि खेल क्षेत्रमा ठूलो लगानी गरेको भन्दै आज कर्णाली प्रदेशको आँगनमा पुगेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०७९ को ट्रफी कर्णालीमा भित्र्याउने गरी खेलाडीहरुलाई तयारी गर्न निर्देशन दिए ।

'खेलाडीहरुका लागि कर्णाली प्रदेश सरकारसँगै छ, तपाइँहरु यो आज आँगनमा आएको ट्रफी कर्णालीमा फिर्ता ल्याउने गरी तयारी थाल्नुहोस्', मुख्यमन्त्री शाहीले भने ।

ट्रफी टुरका संयोजक ओलम्पियन दीपक विष्टले अन्य प्रदेशभन्दा कर्णाली प्रदेश सरकारले खेल क्षेत्रलाई महत्व दिएको भन्दै कर्णालीको खेल क्षेत्रमा ठूलो सम्भावना रहेको बताए । कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव विश्वामित्र सञ्ज्यालले कर्णाली प्रदेशमा पुगेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको ट्रफी चुम्नका लागि कर्णाली प्रदेशका खेलाडीहरु तयारी अवस्थामा रहेको भन्दै कर्णाली प्रदेशमा आइपुगेका ट्रफी कर्णालीमा नै फिर्ता आउनेमा आफू विश्वस्त रहेको बताए ।

कर्णाली प्रदेश सरकार खेल क्षेत्रका समस्या समाधान गर्नका लागि जहिले तयार रहेको भन्दै सदस्यसचिव सञ्ज्यालले खेलाडीहरुलाई कुनै पनि चिजको कमी हुन नदिने गरी कर्णाली प्रदेश खेलकुद विकास परिषद् लागिरहेको बताए । कार्यक्रममा कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री यज्ञबहादुर बुढा क्षेत्री, राष्ट्रिय खेलकुद प्रतियोगिता, २०७९ को रनिङ ट्रफी टुरका संयोजक विष्टसहित अन्तर्राष्ट्रिय खेलाडी सङ्घका अध्यक्षसमेत रहेका सागका दोहोरो स्वर्ण पदक विजेता दीपक श्रेष्ठ, महिला भलिबल टोलीकी कप्तान अरुणा शाही, अल्ट्रा म्याराथन धावक मीरा राईलगायत सहभागी थिए ।

# आमा अप्सरा आचार्य दोस्रो मेमोरियल कप शुरु

**एस.पी.गौरब/मध्यान्ह**
सर्लाही, ११ असोज

सर्लाहीको ईश्वरपुर नगरपालिका तीनघरियामा आमा अप्सरा आचार्य दोस्रो मेमोरियल कप फुटबल प्रतियोगिता शुरु भएको छ । ईश्वरपुर नगरपालिकाका नगर प्रमुख मनोजकुमार आचार्यले आफ्नी स्वर्गीय आमा अप्सराको सम्झनामा ईश्वरपुर नगरपालिका तीनस्थित तीनघरियामा मंगलबारबाट आमा अप्सरा आचार्य दोस्रो मेमोरियल कप फुटबल प्रतियोगिता शुरु भएको हो ।




ईश्वरपुर नगरपालिकाका ३ को मनकामना युवा क्लबको आयोजनामा शुरु भएको प्रतियोगितामा आयोजकको ए र बी गरी दुई टिमसहित विभिन्न वडाका गरेर १५ वटा टिमको सहभागिताता रहेको आयोजकले जनाएको छ । इश्वरपुर नगरपालिका २ मियाँखोर र इश्वरपुर नगरपालिका १० बेला खैरावीच प्रतियोगिताको मंगलबार उद्घाटन खेल भएको थियो । उद्घाटन खेलमा इश्वरपुर नगरपालिका २ मियाँखोरले इश्वरपुर नगरपालिका १० बेला खैरालाई २-० गोलले पराजित गरेको आयोजकले जनाएको छ ।


प्रतियोगीताको उद्घाटन कार्यक्रममा इश्वरपुर नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी र सरस्वती मावि भक्तिपुरका शिक्षक तथा कर्मचारीबीच मैत्रीपूर्ण खेलसमेत भएको इश्वरपुर नगरपालिकाका नगरप्रमुख मनोज कुमार आचार्यले जनाकारी दिए ।

उनका अनुसार मैत्रीपूर्ण खेलमा इश्वरपुर नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी र सरस्वती मावि भक्तिपुरका शिक्षक तथा कर्मचारीबीच २-२ को बराबरी भएको थियो । असोज १७ गते सम्म चल्ने खेलको बिजेताले रु १ लाख र उपबिजेताले रु ५० हजार नगद पुरस्कार सहित शिल्ड, मेडल र प्रमाण-पत्र प्राप्त गर्ने आयोजकले जनाएको छ ।

प्रतियोगिताको उद्घाटन समारोहमा नगर प्रमुख आचार्य, उप प्रमुख रन्जितादेवी चौधरी, निवर्तमान नगर प्रमुख मनोजकुमार देवकोटा, विभिन्न वडाका वडाध्यक्ष तथा जनप्रतिनिधिहरु लगायतको विशेष उपस्थिति रहेको थियो ।

# नेपाल सदैव विश्वशान्ति, स्थिरता र समृद्धिको पक्षमा : परराष्ट्र सचिव पौडेल

**काठमाडौं/मस-** परराष्ट्र सचिव भरतराज पौडेलले विश्वशान्ति, कोभिड महामारी, भूराजनीतिक तनाव, असमानता, वातावरण परिवर्तन जस्ता पक्ष विश्वसामु अहिले चुनौतीका रूपमा देखापरेको बताए । नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संयुक्त राष्ट्रसङ्घको ७७औं साधारणसभामा भाग लिने क्रममा परराष्ट्र सचिव पौडेलले विश्वमा देखिएका चुनौतीको सामना गर्न अन्तर्राष्ट्रियस्तरमा मजबुत ऐक्यबद्धतासहित सहयोग र सहकार्य हुनुपर्ने धारणा व्यक्त गरे ।



कोभिड महामारी नियन्त्रण गर्नु अहिले विश्वको प्रमुख प्राथमिकता रहेको उल्लेख गर्दै उनले मानवजीवन रक्षाका लागि आवश्यक कोभिडविरुद्धको खोप समानरूपमा विश्वभर उपलब्ध हुनुपर्नेमा जोड दिए ।

लक्षित जनसंख्याको ९६ प्रतिशतभन्दा बढी जनतालाई खोप दिन नेपाल सफल भएको चर्चा गर्दै परराष्ट्र सचिव पौडेलले कोरोनाविरुद्धको खोप अभियानमा नेपाललाई सहयोग गर्ने छिमेकी देश भारत र चीनसहित विकास साझेदार देश र निकायलाई धन्यवाद दिए ।

विश्वमा देखिएका उल्लिखित चुनौतीबाट विशेषगरी अतिकम विकसित र कमविकसित देश प्रभावित भई दिगो विकासको लक्ष्यको उपलब्धि हासिल गर्न कठिन हुने धारणा व्यक्त गर्दै संरचनागत आर्थिक रूपान्तरण, बृहत् लगानी र क्षमताको अभाव तथा दिगो विकासका पक्षमा लिएका लक्ष्य पूरा गर्न नसके पनि विकासको पथमा नेपाल लम्किरहेको उनले बताए ।

सचिव पौडेलले बाह्य लगानी वृद्धि गर्न, ऋण सहयोगमा सहुलियत दिन, व्यापार प्रवर्द्धनमा सहयोग गर्न र विकास निर्माणको पक्षमा सहयोग अभिवृद्धि गर्न विश्व समुदायको ध्यानाकर्षण गराए । नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाले स्कटल्यान्डको ग्लास्गोमा सम्पन्न कोप बैठकलाई सम्बोधन गर्ने क्रममा नेपाललगायत विकसित देशहरूले व्यहोर्नुपरेको वातावरणीय सङ्कटको सामना गर्न र सन् २०४५ सम्म शून्य इमिसन प्राप्त गर्ने नेपालको प्रतिबद्धता पूरा गर्न बाह्य सहयोग आवश्यक रहेको भन्ने विषय स्मरण गर्दै सचिव पौडेलले नेपालले त्यसबेला प्रतिबद्धता गरेको वातावरण परिवर्तनका पक्षमा गरिने कार्यक्रम कार्यान्वयनका लागि यथाशक्य छिटो सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे ।

उनले नेपाल सदैव शान्ति, सुरक्षा, निशस्त्रीकरणको पक्षमा रहेको छ भनी पछिल्ला दिनमा विश्वमा सैनिक शीर्षकमा खर्च वृद्धि भइरहेकामा चिन्ता व्यक्त गर्दै नेपालले जहाँ र जनुसुकै किसिमका आतङ्कवादी गतिविधिको भर्त्सना गर्दछ भने ।

नेपालको संविधानले मानवअधिकारको पूर्ण प्रत्याभूति गरेको चर्चा गर्दै उनले मौलिक स्वन्त्रता, समावेशीकरण र सहभागिताको सिद्धान्तलाई नेपाले अङ्गीकार गरेको स्पष्ट गरे । विस्तृत शान्ति सम्झौता र समयसापेक्ष रूपमा अन्तर्राष्ट्रिय समुदायमा जनाइएको प्रतिबद्धताअनुसार पीडित पक्षलाई न्याय दिने पक्षमा नेपाल रहेको सचिव पौडेलले बताए । उनले युक्रेन, अफगानिस्तान, म्यान्मार, लिबिया, सिरिया, यमन र मध्यपूर्वको अवस्थाबारे नेपाल जानकार रहेको बताउँदै शान्तिसुरक्षा र स्थायित्व सुनिश्चितताका पक्षमा सहभागी हुन विश्व समुदायसँग अनुरोध गरे । संयुक्त राष्ट्रसङ्घको शान्ति, सुरक्षा र स्थायित्व कायम गर्ने अभियानमा नेपालको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै ७७औँ महासभामा नेपालका तर्फबाट प्रतिनिधित्व गर्नुहुने परराष्ट्र सचिव पौडेलले राष्ट्र सङ्घीय शान्ति सेनामा खटिने सुरक्षाकर्मीलाई आवश्यक तालिम र स्रोतसाधनको व्यवस्था हुनुपर्नेमा जोड दिनुभएको संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले जनाएको छ ।

## चुनावी...

सरकारका मुख्यमन्त्री र मन्त्री तथा स्थानीय तहका कार्यपालिका सदस्य चुनाव प्रचार प्रसारमा हिँड्न नपाउने व्यवस्था छ ।

निर्वाचन आचारसंहिता लागू भएपछि सरकारी, अर्ध सरकारी वा सार्वजनिक संस्थाले कुनै परियोजनाको स्रोत, साधन र सम्पत्ति दल तथा उम्मेदवारको पक्ष वा विपक्षमा प्रयोग गर्न पाउने छैनन् । त्यस्तै चुनाव प्रचारमा सरकारी, अर्ध सरकारी निकाय, विद्यालय विश्वविद्यालयलाई प्रयोग गर्न पाउने छैनन् । राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्न अंकित ज्याकेट, कमिज, भेस्ट टिसर्ट, क्याप, गम्छा, झोलाजस्ता सामग्री उत्पादन र प्रयोग गर्न पाउने छैनन् ।

बालबालिकालाई चुनाव प्रचारमा लगाउन पाउने छैनन् भने सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन पनि पाउने छैनन् । निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा एकाउन्ट सञ्चालन गर्न वा झुटा साइट खोल्न नपाउने आचारसंहितामा उल्लेख छ । सामाजिक सञ्जालमा निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने भ्रामक सूचना सम्प्रेषण गर्ने अपमान गर्ने द्वेषपूर्ण भाषण गर्ने जस्ता टीका टिप्पणी गर्न पनि पाइने छैन । कुनै प्रयोजनको लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्री निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी सामाजिक सञ्जालमा शेयर, ट्याग, कमेन्ट गर्न पनि नपाइने आचारसंहितामा उल्लेख छ ।

तय भएको आचारसंहिता पालना भए/नभएको अनुगमन गर्न आयोगले दुई तहको अनुगमन संयन्त्र बनाएको छ । आयोगका अनुसार केन्द्रमा निर्वाचन आयुक्तको नेतृत्वमा केन्द्रीय आचारसंहिता अनुगमन समिति र हरेक जिल्लामा जिल्ला आचारसंहिता अनुगमन समिति रहनेछ ।

निर्वाचन आयोगले तोकेको निर्वाचन आयुक्तको नेतृत्वको केन्द्रीय निर्वाचन आचारसंहिता अनुगमन समितिमा पाँचजना सचिवहरू रहनेछन् । निर्वाचन आयोगका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कानुन, गृह र सञ्चार मन्त्रालयका सचिव स्वतः अनुगमन समितिमा रहने व्यवस्था छ ।

निर्वाचन सेल हेर्ने नेपाल प्रहरीको अतिरिक्त महानिरीक्षक पनि समितिमा रहनेछन् । निर्वाचन आयोगको राजनीतिक दलसम्बन्धी महाशाखाको प्रमुख समितिको सदस्य सचिवको रुपमा काम गर्नेछन् । हरेक जिल्लामा मुख्य निर्वाचन अधिकृतको नेतृत्वमा जिल्लास्तरीय आचारसंहिता अनुगमन समिति रहनेछ । उक्त समितिमा प्रमुख जिल्ला अधिकारी सहसंयोजक हुनेछन् भने प्रहरी र राष्ट्रिय अनुसन्धान कार्यालयको प्रमुख सदस्य हुनेछन् ।

## ६० बुँदे...

कुनै पनि मतदातालाई मतदानको अधिकार प्रयोग गर्न वा नगर्नका लागि तथा मतदानको अधिकार प्रयोग गरे वा नगरेबापत उपहार, पुरस्कार, इनाम, दानदातव्य र बकसका रुपमा नगद वा जिन्सी नदिन, सार्वजनिक भोजभतेरको आयोजना नगर्न आयोगले निर्देशन दिएको छ । 'मतदानको अधिकार प्रयोग गरे वा नगरेबापत उपहार, पुरस्कार, इनाम, दानदातव्य र बकसका रुपमा नगद वा जिन्सी नदिन, सार्वजनिक भोजभतेरको आयोजना नगर्न निर्देशन दिइएको छ' आयोगका प्रवक्ता शर्मा पौडेलले भने ।

## दलहरू...

भन्ने कुरा व्यावहारिक छैन', मंगलबार पार्टी कार्यालय सानेपामा आयोजित पत्रकार सम्मेलनमा उनले भने । अन्तर ाष्ट्रिय अभ्यासहरूलाई समेत हेरेर निर्वाचन आयोगले उक्त व्यवस्थामा लचिलो हुनुपर्ने डा. महतको राय छ ।

## कार्कीलाई ....

न्यायाधीशलाई गाडी र सवारीचालक सुविधा दिने निर्णय गरेको हो ।

यसअघि सर्वोच्च अदालतका न्यायाधीश दीपकराज जोशी पनि कामु प्रधानन्यायाधीश भएका थिए । उनलाई संवैधानिक परिषदले प्रधानन्यायाधीशमा पनि सिफारिस गर्यो , तर संसदीय सुनुवाइमा अस्वीकृत भएका उनले न्यायाधीश पदबाटै राजीनामा दिए ।

उनले पूर्वन्यायाधीशले पाउने पेन्सनबापतको अरु सुविधा पाएका छैनन् । तर १६ असोजमा अवकाश पाउँदा कामू प्रधानन्याधीश कार्कीले भने गाडी सुविधा पाउने भएका हुन् ।

## तीन...

इजरायलमा नेपाली सहयोगी कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७८ समसामयिक बनाउन कार्यदल गठन जस्ता वैदेशिक रोजगार व्यवस्थापनका लागि दीर्घकालीन महत्वका काम भएको भन्दै मन्त्री कुवँरले सबै प्रदेशमा रहेका श्रम तथा रोजगार कार्यालयहरूबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति दिने कामले वैदेशिक रोजगारमा जाने युवायुवतीलाई राहत पुगेको बताए ।

सरोकारवालाहरूले प्रधानमन्त्री रोजगार कार्यक्रम अनुत्पादक र असफल भएको टिप्पणी गरिरहेका छन् । तर मन्त्री कुँवरले उक्त कार्यक्रमसहित युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना, रोजगार प्रवर्द्धन कार्यक्रम सफलताका साथ सञ्चालन भइरहेको दाबी गरे । उनले भने, 'उल्लेखित कार्यक्रमसहित वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुनः एकीकरण परियोजना प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने भएकाले परिणाममुखी बन्ने अपेक्षा गरिएको छ ।'

प्रत्येक वर्ष नेपाली श्रम बजारमा प्रवेश गर्ने युवायुवतीलाई स्वदेशमै रोजगारी उपलब्ध गराउने उद्देश्यले व्यावसायिक सीप तथा तालिम प्रदान गर्ने कार्यक्रम सञ्चालन भइरहेको पनि मन्त्री कुँवरले बताए । १० प्रकारका घातक रोग लागेमा १० लाख रुपैयाँसम्म उपचार खर्च प्रदान गर्ने, सामाजिक सुरक्षा कोषमा सूचीकृत श्रमिकका स्नातक तहको प्रथम वर्षमा भर्ना भई अध्ययन गरिरहेका सन्ततिहरूलाई छात्रवृत्ति प्रदान गरिने जस्ता लोक कल्याणकारी कामहरुको पनि यस अवधिमा शुरुवात गरेको उनले बताए ।

## सहमति...

उजुरी दर्ता गरी आफूलाई दुःख र हैरानी दिई रकम असुल्न खोजिएको बताएका छन् ।

सञ्चालक रञ्जनका अनुसार वैदेशिक रोजगारका लागि ओमान पठाइएका युवाहरूले काम र तलब नपाएको भन्दै विभागमा उद्धारको निवेदन पठाएपछि विभागको निर्देशनअनुसार कम्पनीले आफ्नो खर्चमा उनीहरूलाई स्वदेश फर्काएको थियो । स्वदेश फर्किएपछि युवाहरूले विभागमा क्षतिपूर्तिको निवेदन दिए ।

निवेदन आएपछि विभागले छलफल गराई स्वदेश फर्काइएकामध्ये पुकार ठाकुर हजामलाई ९८ हजार ५ सय, होम नारायण ठाकुर हजामलाई ९८ हजार ५ सय, कृष्णप्रसाद साहलाई ९० हजार र सन्तोष ठाकुरलाई ९८ हजार ५ सय रूपैयाँ क्षतिपूर्ति दिएर मिलापत्र गराएको थियो ।

सञ्चालक रञ्जनले मिलापत्र गर्दा उनीहरूले सहमतिमा ठहर र निवेदकको बमोजिम रकम लिई यस सम्बन्धमा पछि कहिँकतै उजुरबाजुर गर्ने छैन गरेमा यसै कागजले बदर होस् भनी हस्ताक्षर र दाँयाबायाँ हातको ल्याप्चेसहित सहीछाप गरेको कागजातको फोटोकपी आफूसँग र त्यस्तै फोटोकपी उनीहरूसँग पनि रहेको मध्यान्हलाई बताए ।

श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएर करार अनुसारको काम र तलब नपाए म्यानपावर कम्पनीले उनीहरूलाई आफ्नो खर्चमा फर्काउनुपर्ने व्यवस्था वैदेशिक रोजगार ऐनमा छ । सञ्चालक रञ्जनले भने, ' विभागमा असार १७ गते उजुरी परेकोमा कुनै ढिलासुस्ती नगरी स्वदेश फर्काएर भदौ २० गते क्षतिपूर्ति दिएर सहमतिमा खुसीराजीले मिलापत्र गरिएको हो । त्यो सच्चाई लुकाएर स्थानीय आप्रवासी सूचना केन्द्र र जिल्ला प्रशासन कार्यालय रौतहटलाई गुमराहमा पारेर उजुरी दर्ता गराई तर्साएर दोहोरो असुली गर्न खोजका छन् ।'

रञ्जनले मेलमिलापका लागि विभाग जाँदा आफूमाथि साउन ३० गते चारै जनाले साँघातिक आक्रमण र कुटपिट गरेको भन्दै सोही दिन महानगरीय प्रहरी प्रभाग नयाँ बसपार्कमासमेत किटानी उजुरी दर्ता गराएको र पछि मेलमिलाप भएपछि उनीहरूको हितलाई ध्यानमा राखेर उक्त उजुरी फिर्ता लिएको बताए ।

उनले भने, 'एउटा घटनामा मलाई तीन-तीन वटा क्षति पुऱ्याउने काम भयो, लाखौं रूपैयाँ खर्च गरेर स्वदेश झिकाएँ, एक लाख रूपैयाँ बराबरका क्षतिपूर्ति दिएँ, मैमाथि साँघातिक आक्रमण भयो, त्यतिले नपुगेर प्रशासनलाई गुमराहमा राखेर मविरुद्ध दोहोरो उजुरी दर्ता गरिएको छ, हाल दैनिकरुपमा उनीहरूबाट मेरो ज्यान लिने खालका धम्कीको सामना गरिरहेको छु ।'

रञ्जनले दोहोरो उजुरी दर्ता गरी आफूलाई तर्साउने, दोहोरो असुली गर्ने योजना र मानसिक तनाब दिएको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय रौतहटमा निवेदन दर्ता गराई आधार र प्रमाणविहीन उजुरी खारेजीको माग गरेको समेत बताए । उनले भने, 'वैदेशिक रोजगार विभागमा भएको सहमति पनि जानकारीका लागि पठाएको छु ।'

## सपनामै...

उनले अहिलेको अवस्थामा परिवर्तनको आशा गर्न नसकिने प्रष्ट पारेका छन् ।

हुनपनि पछिल्लो समय विकास र परिवर्तनको अपेक्षा देखाएर दलहरु अघि बढेपनि जनमत भने राजनीति दलको घोषणापत्रमा विश्वास गर्ने छोडिसकेका छन् । यद्यपि, तिनै दललाई मत दिनुको विकल्प नरहेको उनीहरुको गुनासो छ ।

# मोरङमा पर्यटन सुचना केन्द्र स्थापना

**मोरङ/मस-** विश्व पर्यटन दिवसको उपलक्ष्यमा प्रदेश नं १ को पर्यटकीय गन्तव्यस्थलका बारेमा स्वदेशी तथा विदेशी पर्यटकलाई जानकारी दिन मोरङमा सूचना केन्द्र स्थापना गरिएको छ । नेपाल उद्योग वाणिज्य महासङ्घ प्रदेश नं १ र पर्यटन व्यवसायीको सक्रियतामा महासङ्घको सचिवालयमा केन्द्र स्थापना गरिएको छ । महासङ्घका केन्द्रीय सदस्य एवं प्रदेश उपाध्यक्ष राजेन्द्र राउतले कार्यालयको उद्घाटन गर्दै प्रदेशका प्रमुख तीन नाकाबाट प्रवेश गर्ने सम्पूर्ण पर्यटकलाई पर्यटनस्थलका साथै होटल र ट्राभल्सका बारेमा जानकारी दिनुका साथै पर्यटकको आगमनको तथ्याङ्क केन्द्रमा राखिने जानकारी दिए ।

प्रदेशमा धार्मिक पर्यटनको ठूलो सम्भावना रहेकाले पर्यटकको सुविधाका लागि प्रदेशका १६ आन्तरिक विमानस्थल सञ्चालन गर्न सङ्घीय सरकारसँग पहल गर्ने उनले बताए । महासङ्घका केन्द्रीय सदस्य अविनाश बोहरा, पर्यटन समितिका संयोजक भविषकुमार श्रेष्ठ र प्रदेश समितिका सदस्य रविन दाहालले केन्द्र स्थापना पश्चात प्रदेशको पर्यटन प्रवर्द्धनमा थप सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

सूचना केन्द्रमा पर्यटनसम्बन्धी जानकारी दिनसक्ने दक्ष जनशक्तिको व्यवस्था गर्नका लागि पर्यटन तथा संस्कृति मन्त्रालयलाई आग्रह गरिएको छ । आगामी दुई महिनाभित्र सूचना केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न पर्यटन क्षेत्रसँग आबद्ध १६ निकायसँग समन्वय गरिने छ ।

# थप ५४ जनामा कोरोना संक्रमण पुष्टि

**काठमाडौं/मस-** देशभर पछिल्लो २४ घण्टामा थप ५४ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा तीन हजार आठ सय २९ जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार सात सय २९ जनाको पिसिआर र दुई हजार एक सयको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा ७६ जना कोरोनाबाट मुक्त भएका छन् । योसँगै कोरोनाबाट मुक्त हुनेको संख्या नौ लाख ८६ हजार चार सय ९५ पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव छ प्रतिशत छ । हाल सक्रिय कोरोना सङ्क्रमितको संख्या एक हजार एक सय ४४ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १६ पुगेको छ । हाल होम आइसोलेसनमा एक हजार ९४, संस्थागत आइसोलेसनमा ५० र आइसियुमा १२ सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ ।

हाल देशभर दुई सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौं रहेको छ । शून्य सङ्क्रमित रहेका जिल्लामा ताप्लेजुङ, तेह्रथुम, भोजपुर, सिन्धुली, मनाङ, मुस्ताङ, म्याग्दी, हुम्ला, डोल्पा, कालीकोट, रुकुम पश्चिम, जाजरकोट, दैलेख, मुगु, जुम्ला र दार्चुला छन् । उपत्यकाको काठमाडौँमा चार सय ५५, ललितपुरमा एक सय ६० र भक्तपुरमा २० जना सक्रिय सङ्क्रमित छन् । कूल सङ्क्रमण दर १६ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

# तलब नपाएको भन्दै अल्टिमेटमसहित बुझाए ज्ञापनपत्र

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ असोज



रौतहटको फतुवा विजयपुरमा शिक्षकहरू दशैंको मुखमा तलब नपाएको भन्दै आक्रोशित बनेका छन् । सो नगरपालिकाभित्रका शिक्षकहरूले साउन महिनादेखि तलब पाएका छैनन् ।

तलब पाउने छाटकाट नपाएपछि शिक्षक संगठनका नगर उपाध्यक्ष राधेश्याम यादवको नेतृत्वमा नगरपालिकाको कार्यालयमा पुगेका उनीहरूले तलब समयमै उपलब्ध गराइ दिन नगरपालिकासँग माग गर्दै ज्ञापनपत्र बुझाएका छन् ।

प्रमुख प्रशासकीय अधिकृत शम्भु कुमार यादव समक्ष ज्ञापनपत्र बुझाएका छन् । कार्यवाहक नगरप्रमुख अम्बेया खातुनको नाममा लेखिएको ज्ञापनपत्रमा सोमबार सम्म आफूहरूको तलबको बारेमा कुनै निर्णय नभए नगरप्रमुख र शिक्षा प्रमुखको कार्यकक्षमा ताल्चा लगाउने चेतावनीसमेत दिइएको छ । उक्त कार्यबाट हुने असुविधाको सम्पूर्ण जिम्मेवारी कार्यवाह नगर प्रमुख खातुनले लिनुपर्ने ज्ञापनपत्रमा उल्लेख छ ।

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक,शिक्षिका, विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता एवम् विद्यालय सहयोगीहरूलाई प्रथम चौमासिकको शिक्षकहरूले तलब पाउन नसकेका हुन् । आफूहरूले दशैं जस्तो महानपर्व बेला पनि तलब नपाएपछि मारमा परेको बताए । चार महिनादेखि तलब नपाउँदा समस्या आएको र भोको पेट पठन-पाठन गराउन मुश्किल परेको उनीहरूले बताएका छन् । आफूहरूले काम गरेको तलब नपाउँदा घरपरिवार चलाउन धौधौ परेको बताए ।

सो अवसरमा श्री मावि टेंग्राहाका प्रधानाध्यापक अनिल यादव, श्री सरस्वती प्राविका प्रधानाध्यापक सुबोध यादव लगायत सबै विद्यालय प्रधानाध्यापक, शिक्षकहरूको सहभागीता रहेको थियो ।

# कोटेश्वर–सूर्यविनायक सडकमा स्मार्ट बत्ती



**काठमाडौं/मस–** नेपाल विद्युत् प्राधिकरणले काठमाडौंको कोटेश्वरबाट भक्तपुरको सूर्वविनायकसम्मको सडक खण्डमा स्मार्ट सडक बत्ती (स्मार्ट स्ट्रिट लाइट) जडान गरेको छ ।

प्राधिकरणले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कोटेश्वर-सूर्यविनायक सडकखण्ड अन्तर्गत सडकको बीचभागमा रहेको मेडिएन स्ट्रिप/आइल्याण्डमा बत्ती जडान गरी सञ्चालनमा ल्याएको छ।

आइल्याण्डमा राखिएका पोलमा प्राधिकरणले १२० वाट क्षमताका ऊर्जा दक्षतायुक्त स्मार्ट बत्ती जडान गरी सञ्चालनमा ल्याएपछि कोटेश्वर-सूर्यविनायक सडकखण्ड झिलिमिली बनेको छ। कम विद्युत् खपत गर्ने तर उज्यालो बढी दिने करिब चार सय ५० वटा बत्ती जडान गरिएको हो। यसले सडकको रात्रिकालीन सौन्दर्यता थपिएको छ। यसको सञ्चालका लागि काठमाडौं महानगरपालिका, मध्यपुरथिमी र भक्तपुर नगरपालिकाले आफ्नो क्षेत्रमा पर्ने सडक बत्तीको महसुल तिर्ने व्यवस्था गरिएको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले रातको समयमा सडकको यात्रा सुरक्षित र सडक तथा सहरी सौन्दर्यलाई वृद्धि गर्न स्मार्ट स्ट्रिट लाइट जडान गरिएको जानकारी दिए ।

उनले भने, 'सडक बत्ती जडान भएपछि पैदल यात्रु र सवारी चालकलाई फाइदा पुगेको छ, उज्यालो भएपछि सडक सुरक्षित बनेको छ, साथै सडक सुन्दर बनेको छ,यसबाट सहरी सौन्दर्यता पनि बढेको छ ।'प्राधिकरणको प्रणालीमा रहेको फिडर प्यानलबाट स्वचालित रुपमा स्मार्ट लाइटलाई नियन्त्रण गर्न सकिन्छ ।

कोटेश्वर-सूर्यविनायक सडकखण्डका लागि १३ वटा फिडर प्यानल जडान गरिएको छ । सडक बत्तीका लागि मात्र छुट्टै ट्रान्सफर्मर जडान गरिएको छ । स्मार्ट बत्ती प्राधिकरणको सर्भरसँग सिधैं जोडिएको छ । सफ्टवेयरबाटै अँध्यारो हुँदा बल्ने र उज्यालो हुँदा निभ्ने स्वचालित व्यवस्था छ । सफ्टवेयरबाट विद्युत्को महसुलको विलिङ गरिन्छ। बत्ती बले/नबलेको अनुगमन पनि सफ्टवेयरबाटै गर्न सकिन्छ। प्राधिकरणले उज्यालो सहर अभियानअन्तर्गत पालिकासँगको समन्वय र साझेदारीमा मुख्य सडक, ऐतिहासिक सांस्कृतिक सम्पदा, विश्व सम्पदा सूचीमा सूचीकृत तथा पर्यटकीय स्थानमा सजावटयुक्त आधुनिक बत्ती (स्मार्ट लाइट) जडान गरिरहेको छ ।

# प्रदेश निजामती सेवा अध्यादेश जारी गर्ने निर्णय



**विराटनगर/मस–** प्रदेश नं १ मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले प्रदेश निजामती सेवा अध्यादेश, २०७९ जारी गर्नेलगायतका निर्णय गरेको छ। मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको बैठकले 'प्रदेश निजामती सेवा अध्यादेश, २०७९ जारी गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने' निर्णय गरेको हो ।

प्रदेश सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चारमन्त्री उपेन्द्रप्रसाद घिमिरेका अनुसार बैठकले आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा प्रस्तुत 'केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०७९ जारी गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।

बैठकले भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सिफारिसबमोजिम विषयगत सल्लाहकार नियुक्ति गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चारमन्त्री घिमिरेले जानकारी दिए ।

# ठूलो मात्रामा लागूऔषधसहित पक्राउ



**सर्लाही/मस –** सर्लाहीको ईश्वरपुर नगरपालिका ४ का एक जनालाई प्रहरीले लागूऔषधसहित पक्राउ गरेको छ । ईश्वरपुर नगरपालिका ४ का २६ वर्षीय हिमाल माझीलाई ठूलो मात्रामा लागूऔषधसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

सर्लाहीबाट काठमाडौंतर्फ जाँदै गरेको ना.५ ख ६५९९ नम्बरको यात्री बसलाई चन्द्रागिरी नगरपालिका २ नागढुङ्गा चेकप्वाइन्टमा चेकजाँच गर्ने क्रममा बसको डिक्कीबाट लागूऔषध बरामद भएको प्रहरीले जनाएको छ ।

ना.५ ख ६५९९ नम्बरको यात्री बसलाई नागढुङ्गा चेकप्वाइन्टमा चेकजाँच गर्ने क्रममा बसको डिक्कीबाट लागूऔषध बरामद भएको र सो अनुसन्धान गर्ने क्रममा बसका सहचालक हिमालले नै उक्त लागूऔषध डिक्कीमा लुकाएर ल्याएको काठमाडौंतर्फ ल्याएको खुलेपछि उनलाई पक्राउ गरिएको हो ।

बसबाट डाईजेपाम,फेनारगन र नुर्फिन एक/एक हजार थान गरिकुल तीन हजार थान बरामद भएको प्रहरीले जनाएको छ । सर्लाहीदेखि चन्द्रागिरी नगरपालिका-२ स्थित रहेको नागढुङ्गा चेकप्वाइन्टसम्म सो लागूऔषध कसरी पुग्यो भन्ने विषयमा थप अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ ।

# राष्ट्रियगानका रचनाकार माइलालाई 'डा एपिजे अब्दुल कलाम सम्मान'



**काठमाडौं/मस–** भारतको डा. एपिजे अब्दुल कलाम फाउन्डेशनले नेपाली राष्ट्रियगानका रचनाकार व्याकुल माइला (प्रदीपकुमार राई) लाई उनले कविता र साहित्यमा उत्कृष्ट दिएको योगदानको मूल्याङ्कन गर्दै 'डा एपिजे अब्दुल कलाम अवार्ड २०२२' प्रदान गर्ने भएको छ। फाउन्डेशनले भारतका पूर्वराष्ट्रपति कलामको ९१ औं जन्मजयन्तीका अवसरमा आगामी १५ अक्टोबर (असोज २९ गते) पश्चिम बङ्गालमा हुने कार्यक्रममा माइलालाई सम्मान ग्रहणका लागि निमन्त्रणा पठाइएको छ। समारोहमा भारत र नेपालका संस्कृतिकर्मीबाट सांस्कृतिक, साहित्यिक र सामाजिक गतिविधि हुने जनाइएको छ ।

यसैबीच नेपाल सरकारको मन्त्रिपरिषद्को यही असोज ७ गतेको बैठकले उनको सहज जीवनयापनका लागि मासिक रु २५ हजार भत्ता उपलब्ध गराउँदै आएकामा उक्त रकमका वृद्धि गरी मासिक रु ५० हजार उपलब्ध गराउने निर्णय गरेका स्रष्टा राईले सरकारलाई धन्यवाद दिएका थिए । गणतन्त्र स्थापनापछि २०६३ सालमा गठित राष्ट्रियगान चयन कार्यदलको सिफारिसबमोजिम माइलाको 'सयौं थुङ्गा फूलका हामी...' छनोट भएको थियो ।

# एक महिनादेखि टेलिफोन सेवा अवरुद्ध



**सिमकोट/मस–** हुम्लाको दक्षिणी क्षेत्रको चङ्खेली गाउँपालिकामा एक महिनादेखि मोबाइल सेवा अवरुद्ध हुँदै आएको छ । मेल्छाम गाउँमा स्थापना गरिएको नेपाल टेलिकमको टावरमा खराबी आउँदा सञ्चार सेवा अवरुद्ध भएको हो । टेलिफोन सेवा अवरुद्ध हुँदा यहाँका नागरिक सञ्चारको पहुँचमा जोडिन नसकेको भन्दै गुनासो गर्न थालेका छन् ।

एक महिनादेखि गाउँपालिकाका पाँच वटा वडाका ३० भन्दाबढी सेवाग्राहीले यो सेवा पाउन नसकेको बताइएको छ। सञ्चार सेवा अवरुद्ध हुँदा काम परे पहिलेकै जस्तो मानिस पठाएर खबर आदान-प्रदान गर्नुपर्ने अवस्था सिर्जना भएको चङ्खेली गाउँपालिका-६ का बेलसरा तामाङ बताउनुहुन्छ । यसबाट गाउँपालिकाको वडा नं १, २, ३, ४ र ५ का २५ बस्तीका बासिन्दा समस्यामा परेका छन् । मोबाइल सेवा अवरुद्ध भएपछि गाउँपालिकामा सम्पर्क गर्नसमेत समस्या हुने गरेको स्थानीयवासीको गुनासो छ ।

गाउँपालिकाले नेपाल टेलिकमलाई समयमै टावरमा आएको खराबीबारे जानकारी गराए पनि हालसम्म सुनुवाइ हुन नसकेको गाउँपालिकाले जनाएको छ । सहज रूपमा प्राविधिक पुग्ने अवस्था नरहेका कारण टावरमा आएको खराबीको मर्मत कहिलेसम्म हुने हो टुङ्गो छैन । दसैंको समयमा टेलिफोन सेवा अवरुद्ध हुँदा जिल्ला बाहिर रहेका आफन्तसँग सम्पर्कमा जोडिनलाई समेत समस्या बनाएको यहाँका स्थानीयवासीको गुनासो छ ।

# शय्या अभाव हुँदा उपचारमा समस्या

**भजनी/मस–** दैनिक बिरामीको चाप बढ्न थालेपछि कैलालीको टीकापुर प्रादेशिक अस्पतालमा शय्याको अभाव हुन थालेको छ। ५१ शय्याको अस्पतालमा दैनिक पाँच सय भन्दा बढी बिरामी उपचारका लागि आउने गरेका छन् ।

मौसमको परिवर्तनसँगै अस्पतालमा सेवा विस्तार भएपछि बिरामीको संख्यामा वृद्धि भएको हो। 'हामीसँग अस्पतालमा ५१ शय्या मात्रै छन् । बिरामीको चापलाई अहिलेको शय्या संख्याले थेग्न सक्ने अवस्था छैन' अस्पताल व्यवस्थापन समितिका अध्यक्ष झपटबहादुर सोडारीले भने, 'प्रदेश सरकारसँग एक सय एक शय्याको अस्पताल बनाउनको लागि प्रस्ताव पेस गरेका छौं। त्यसको कार्यान्वयन छिटो हुन सकेन भने अस्पतालको सेवा नै प्रभावित हुनसक्ने देखिएको छ ।'


## बडीकेदार गाँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**खड्यौली, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### आशय पत्र सम्बन्धी सूचना

**प्रथम प्रकाशित मिति २०७९/०६/१२**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९/०४/२३ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद एन २०६३ को २७ र ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| सि.नं. | योनाको नाम | ठेक्का नं. | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १. | नेटाखान मार्कोट सडक मर्मत | BRM/NCB/W01/2079/80 | प्रष्ना कन्स्ट्रकसन धनगढी उ.प.म.न.पा-०६, कैलाली | १९,४१,३००.३२/- |

**प्रमुख प्रशासकीय अधिकृत**





## कतारको Pre opening Ultra Luxury 5 star Hotel मा रोजगार

**कम्पनी : RIXOS QETAIFAN ISLAND NORTH HOSPITALITY** पून विज्ञापन

पूर्व स्वीकृत मितिः २०७९/०४/२४ | चलानी नं.: ६०१८४९२५ | L.T. No.: 268911 | शहरः DOHA

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Services | 40 | 30 | सम्बन्धित काममा दक्ष | 1600 | ५५,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | supervisor | 5 | 6 | | 2500 | ८६,६७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १९ गते (05 Oct. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**HABTOOR INTERNATIONAL PVT. LTD.**
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Govt. Lic. No. 1147/073/74
Tel: 01-4973377, 4983377 Mob.: 9801059911, 9801059988, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com



## हार्दिक समवेदना



जन्म:
बि.सं. २००३
श्रावण ०९

स्वर्गारोहण:
वि.सं. २०७९
असोज ०१

**स्व. धन बहादुर श्रेष्ठ**

नेपाल वैदेशिक रोजगार व्यवसाय नेवा: समाजका तृतीय उपाध्यक्ष
श्री प्रवीण कुमार श्रेष्ठका पूज्य पिता
**स्व. धन बहादुर श्रेष्ठको**
असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दु:खद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि श्री पशुपतिनाथसंग प्रार्थना गर्दछौं ।

**किशन प्रधान**
(अध्यक्ष)

**नेपाल वैदेशिक रोजगार व्यवसायी नेवा: समाज**
**परिवार**



## मलेसियामा रोजगार

१. कम्पनी: ERECT ENGINEERING PRESSWORKS SDN. BHD. शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति : २०७९/०६/१० | चलानी नं.: ६०१८८३८७ | LT. No.: 272614

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 49 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: AS CONCEPT SDN. BHD. शहर: SERI KEMBANGAN
पूर्व स्वीकृत मिति : २०७९/०६/०६ | चलानी नं.: ६०१८८१९५ | LT. No.: 272483

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : SUPPORTRANS SND BHD शहर: JOHOR
पूर्व स्वीकृत मिति : २०७९/०३/१४ | चलानी नं.: ६०१८२००६ | LT. No.:266037 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज २१ गते (7 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Yacca याक्का ओभरसिज इम्प्लोइमेण्ट कन्सल्ट प्रा. लि.**
श्रम इजाजत नं. १७८/०५७/०५८
महाराजगञ्ज, धारामार्ग, काठमाडौं, नेपाल, फ्याक्स: ४४३२६६६
फोन: ४४३२१११, ९८०१०३७७६९, ९८०१०३७७५६, ९८०१०३७७६७

मध्यान्ह
www.madhyanhadaily.com
१२ असोज २०७९, बुधबार
28 September 2022, Wednesday

## सम्पादकीय

# संहिताको सन्देश

आजदेखि निर्वाचन आचारसंहिता लागू हुदैछ । निर्वाचन आयोगले आचारसंहिता कडाइका कार्यान्वयन गर्ने जानकारी दिएको छ । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा चुनावका लागि जारी आचारसंहिता पालना गर्न राजनीतिक दल, सरकार र सम्बन्धित सवैमा आग्रह गरेको छ । आयोगको संहिताप्रति सरकारकै नेतृत्व गरिरहेको नेपाली कांग्रेसले आपत्ति जनाएको छ । कांग्रेसले बक्तव्य जारी गरेरै आयोगको संहिताप्रति आपत्ति जनाएको हो । आयोगले जारी गरेको बक्तव्यमा प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री र प्रदेश मन्त्रीहरूले चुनावी प्रचारमा हिड्न नपाउने व्यवस्था गरेको छ । निर्वाचन चिन्ह अंकित ज्याकेट, कमिज, भेष्ट लगायत कपडा उत्पादन र प्रयोगमा रोक, प्रचारमा हिड्न नहुने उमेर समूह, प्रचार सामग्रीमा शिष्टतादेखि सामाजिक सञ्जालमा प्रयुक्त भाषामा समेत ध्यान दिएको छ ।

आचारसंहिताका अन्य विषय यसअघि पनि थिए । तर यसपटक प्रधानमन्त्री र मन्त्रीहरूलाई प्रचारमा रोक लगाइएपछि कांग्रेसले आपत्ति जनाएको हो । यसको अर्थ प्रधानमन्त्री र मन्त्रीहरूले प्रचार गर्न पाउनुपर्छ भन्ने देखिन्छ । आयोगले यसरी प्रचारमा हिड्नुलाई सत्ताको दुरूपयोग हुने ठहर गरेको छ । आयोगको ठहरप्रति कांग्रेससहित सत्तारूढले आपत्ति जनाउनुलाई स्वभाविक नै मान्न सकिन्छ । किनकि चुनाव भनेकै जित्नु हो । जित्नलाई सत्ताको उपयोग गर्ने प्रयास यसअघिका चुनावमा पनि देखिएकै हो । तर आयोगले ल्याएको प्रावधानले भने अन्ततः दलहरूलाई नै लाभ पुग्ने देखिन्छ । किनकि बढी खर्च हुने प्रवृत्तिको असर उम्मेद्वारहरूलाई नै पर्ने हो ।

चुनावमा राजनीतिक दलकै उम्मेद्वार धेरै हुने र मुलुकको नेतृत्व पनि दलहरूबाटै हुने भएकाले खर्च कम गर्दाको लाभ पनि दलले नै पाउने हो । फजुल खर्च रोक्ने, सत्ताको दुरूपयोग नगर्ने, प्रचारमा शिष्टता अपनाउने कुरा लोकतन्त्रसँग समेत जोडिएको छ । प्रणाली र संविधानप्रति असन्तुष्टले उठाउने कुरा अलग हो । तर चुनावमा भाग लिने र अहिलेकै व्यवस्थाप्रति विश्वास राख्नेहरूका निम्ति आयोगले राखेको प्रावधान कार्यान्वयन गर्न नै हितकर हुने देखिन्छ । मतदाता प्रभावित नभइ विवेक प्रयोग गर्ने बातावरण पनि निर्वाचन आचारसंहिताको प्रयोगले सहयोग पुग्छ । अर्थात् आयोगले उठाएको प्रावधानको सम्बन्ध लोकतन्त्र र संविधानसँग जोडिएको छ । तसर्थ संहिताप्रति आपत्ति जनाउने नभएर कार्यान्वयनमा जोड दिनु उचित हुन्छ । बाहुबल नभएर विवेकमा विश्वास गर्न लोकतन्त्रको अर्थ हो ।

# बालबालिकालाई कसरी सिकाउने ?

*सिकाईलाई जीवनसँग जोडौ, व्यवहारिकतासँग जोडौं । समयले यो खालको प्रणाली चाहेको छ । अभिभावक, शिक्षक र व्यवस्थापन पक्ष पनि यसमा अभस्त हुन आवश्यक छ ।*

अग्रलेख



● बिदुर दाहाल

सधैं छिमेकी राम्रो स्कुल भएन, छोरा छोरी पढाउन कठिन भयो, नजिकैको सरकारी स्कुल पनि राम्रो छैन भन्ने गुनासो गर्नुहुन्छ। बच्चाले राम्रोसँग अंग्रेजी सिकेन केवल नेपाली मात्रै बोल्छ लगायतमा गुनासा उहाँका छन् । यसलाई हेर्दा प्रश्नहरु उठ्छन् : अभिभावकको बुझाई के हो ? बुझाई कति ठिक छ ? साना केटाकेटीले सिक्नु पर्ने के हो ? स्कुलहरुले के पढाए ? शिक्षकहरुले के सिकाए ? सिकाउनु पर्ने के थियो ? सरकारी विद्यालयमा सिकाईका लागि शिक्षक सक्षम छन् कि छैनन् ? के गुणस्तरीय शिक्षा निजी स्कुलको ठेक्का हो ? यिनै विषयको सेरोफेरोमा रहेर लेखमा प्राथमिक तथा आधारभूत तहमा पढ्ने बालवालिकाको सिकाई अभ्याससँग सम्बन्धित विषय उठान गर्ने कोशिस गरिएको छ ।



Free Medical, Free PCR, Free Transportation (After Selection) And Free Logding-fooding
(फ्रि भिषा, फ्रि टिकट, फ्रि सर्भिस चार्ज, फ्रि मेडिकल
फ्रि पिसिआर, फ्रि यातायात (छनौट पछी) र फ्रि आवास)

रोजगारदाता कम्पनी : पेरिन्दुस्ट्रियन शुन्होन एसबी
(Employer Company) : Perindustrian Shunhon SB
जोहोर JOHOR

| पूर्व स्वीकृत मितिः | २०७९/०५/२९ | चलानी नं.: | ६०१८८४०५ | एल टि नं.: | २७१७९६ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2022/09/14 | Invoice No.: | 60188405 | L.T. No.: | 271796 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accommodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker | ६ 6 | 0 | स. काममा दक्ष | १,५०० 1500 | ४२,३६० 42,360 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगार दाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

**Perindustrian Shunhon SB does not impose any Recruitment/Placement Fee For this Employment**
(पेरिन्दुस्ट्रियन शुन्होन एसडी ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।)

- **Applicants are requested to submit their application directly without using any mediators. Applicant's (Family) members/Relatives/Friends) are not required to make any payments for this Employment.**
(आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।)
- **We will not discriminate Workers or potential workers in any way.**
(हामी कुनै पनि हिसाबले कामदारहरु वा सम्भाव्य कामदारहरु सँग भेदभाव गर्ने छैनौं ।)
- **No one is allowed to take or give away gifts or bribes from suppliers and customers.**
(उपहार वा घुस आपुर्तिकर्ता र ग्राहकहरुबाट कोही कसैलाई पनि लिन वा दिन अनुमति छैन ।)
- **We ensure that no worker is required to pay force deposit, bond, deductions from wages to cover recruitment fees.**
(हामी सुनिश्चित गर्छौं कि भर्ना शुल्क उठाउनको लागि कुनै पनि निक्षेप, ऋणपत्र वा ज्याला कटौती गराउन बाध्य गराउने छैन ।)

Feel Free to Report against Fraud, illegal activities or Corruption in Our grievanace handling Number & Email Directly. We Shall Maintain Your Confidentiality.
(धोखाधरी अबैद्य क्रियाकलाप वा भ्रष्टाचार विरुद्ध हाम्रो गुनासो सिधा तल भएको नम्बरमा वा ईमेलमा रिपोर्ट गर्न नहिचकिच्याउनु होस । हामी तपाईको गोप्नीयता सुनिष्चित राख्ने छौं ।)

**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**
(अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।)

**Pre Interview is going on at office premises.**
(प्रि अन्तर्वार्ता यस कार्यालयमा घमाघम भई रहेको छ।)

**Final Interview is going to conduct in Royal Events Banquet, Tinkune on 4 October 2022 .**
(फाइनल अन्तर्वार्ता रोयल इभेन्टस् ब्याङक्यटमा मिति २०७९ असोज १९ गतेमा हुनेछ ।)

**We declear that "white Horse Recruitment Pvt.Ltd." don't have branch and agent.**
(ह्वाईट हर्स रिक्रुटमेन्ट प्रा.लि. को कोही कतै पनि शाखा र एजेन्ट नभएको जानकारी गराउँदछौं ।)

Candidates who are interested in this company can directly contact us for further counseling.
(यस कम्पनिमा जान चाहने कामदारहरुले थप परामर्शको लागि यस प्रा लि मा सिधा सम्पर्क गर्न सक्नुहुनेछ ।)

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsory 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

श्रम इजाजत पत्र नं. १५०२/०७४/०७५
**White Horse Recruitment Pvt. Ltd.**
**ह्वाईट हर्स रिक्रुटमेन्ट प्रा.लि.**
Sinamangal -9, Kathmandu, Hotline No.: +977- 01-4582176, Phone No. +977 -01-4582178
Contact No.: 9802342901, 9802342902 | Grievance Handling No.: 9802342900, Grievance Handling Email Address: grievancewhitehorse@gmail.com
Email: wh.adm1502@gmail.com/hr.whitehorse100@gmail.com, giri.sagar27@yahoo.com,Web : www.wh-recruitment.com

# अन्जनको ह्याट्रिकमा नेपाल विजयी



**काठमाडौं/मस–** नेपालले मैत्रीपूर्ण खेलमा बंगलादेशलाई पराजित गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा नेपालले मंगलबार बंगलादेशलाई ३-१ गोल अन्तरले हराएको हो। नेपालको जितमा अन्जन विष्ट नायक बने। उनको ह्याट्रिकमा नेपालले सहज जित निकालेको हो। बंगलादेशका सजाद होसेनले एक गोल फर्काए।

नेपालले खेलको १८ औं मिनेटमा अन्जनको गोलबाट सुरुआती बनाएको थियो। विमल घर्ति मगरको फ्रिकिकमा अन्जनले हेडरमार्फत गोल गरेका हुन्। २६ औं मिनेटमा बंगलादेशका साजाद होसेनको प्रहार नेपालका गोलकिपर किरणले बचाए।

२७ औं मिनेटमा अन्जनले व्यक्तिगत दोस्रो गोल गर्दै नेपाललाई २-० को अग्रता दिलाए। विमलले उपलब्ध गराएको बलमा तेज तामाङले प्रहार गरेको बल बंगलादेशका गोलकिपर अनिसुर रहमानले पन्च गर्दै बाहिर फाले। त्यहिँ रिबाउन्ड बलमा अन्जनले उत्कृष्ट फिनिस गर्दै पोस्टको जाली चुमाए।

३८ औं मिनेटमा अन्जनले ह्याट्रिक पूरा गर्दै नेपाललाई ३-० को अग्रता दिलाए। नुतुनले विमललाई फउल गरेपछि नेपालले फ्रिकिकको अवसर पाएको थियो। जसमा विशाल राईको फ्रिकिकमा अन्जनले हेडमार्फत उत्कृष्ट गोल गरे। यससँगै अन्जन नेपालका लागि अन्तराष्ट्रिय फुटबलमा ह्याट्रिक गर्ने छैटौं खेलाडी बनेका छन्। राष्ट्रिय टोलीका लागि अन्जनको यो १० औं गोल समेत हो। यसअघि नेपालका लागि गणेश थापा, नरेश जोशी, निराजन राइमाझी,भरत खवास र नवयुग श्रेष्ठले ह्याट्रिक गरेका छन्।

५५औं मिनेटमा सजजत हुसेनले गोल गर्दै खेललाई ३-१ को स्थितिमा ल्याए। रकिव हुसेनको क्रस सेसेहाङ आङ्देम्वेलाई डिफ्लेक्ट हुँदा कप्तान तथा गोलरक्षक किरण झुक्किन पुग्दा अनमार्क रहेका साजजाद हुसेनले हेडरमार्फत जाली चुमाए। त्यसपछि थप गोल निस्कन नसक्दा नेपाल विजयी हुन सफल भयो।

यो जितसँगै नेपाल पछिल्लो पाँच खेलमा बंगलादेशसँग अपराजित रहन सफल भएको छ। नेपाल र बंगलादेशबीच हालसम्म २७ पटक भेट हुदा बंगलादेश १४ खेलमा विजयी भएको छ। नेपाल ८ खेलमा विजयी हुँदा ५ खेल बराबरीमा सकिएको छ। युवा विंगरद्धय ऋतिक खड्का र आशिष चौधरीले राष्ट्रिय टोलीमा परेको पहिलो अवसरमै डेब्यु गरेका छन्। बंगलादेशसँगको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल दौरान आशिष र ऋतिकले दोस्रो हाफमा मैदान प्रवेश गर्दै सिनियर टोलीमा डेब्यु गरेका हुन्।

ऋतिक ८१औं मिनेटमा सेसेहाङ आङ्देम्वेको स्थानमा तथा आशिष विमलको स्थानमा मैदान प्रवेश गर्दै डेब्यु गरेका हुन्। दुई खेलाडी पहिलो पटक राष्ट्रिय टोलीमा समावेश भएका छन्। पहिलो पटक टोलीमा परेका ऋतिकले ए डिभिजन लिगमा थ्री स्टार क्लबका लागि खेल्दै आएका छन्। यता आशिषले भने बी डिभिजन लिगमा चर्च ब्वाइज युनाइटेडलाई च्याम्पियन बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

यस्तै नेपाली राष्ट्रिय फुटबल टिमका कार्यवाहक मुख्य प्रशिक्षक प्रदिप हुमागाईले बंगलादेशविरुद्धको जितको श्रेय खेलाडीलाई जाने बताएका छन्। खेलपछि हुमागाईले खेलाडीको मेहेनतले जित सम्भव भएको बताए।

'नेपाली खेलाडीलाई जितको श्रेय जान्छ। उनीहरुको मेहेनतले जितेका हौं। तपाईहरुले नेपालमा गरेको स्वागतका लागि धन्यवाद। आजबाट मेरो राष्ट्रिय ड्युटी सकिएको छ,' उनले भने।

हुमागाईले यस जितले आफ्नो प्रशिक्षक जीवनमा फरक पार्ने बताए। 'मेरो यात्रा यहिसम्म थियो अहिलेका लागि। भोलि के हुन्छ थाहा छैन। तर यो जितले मेरो जीवनमा पनि केही फरक त पर्छ,' उनले थपे।

# राष्ट्रिय खेलकुदका लागि राष्ट्रपतिलाई निमन्त्रणा



काठमाडौं/मस- राष्ट्रपति विद्यादेवी भण्डारीलाई गण्डकी प्रदेशमा असोज २८ देखि कात्तिक ३ गतेसम्म हुने नवौं राष्ट्रिय खेलकुद-२०७९ समुद्घाटन कार्यक्रमको निमन्त्रणा पत्र मंगलबार प्रदान गरिएको छ। सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीलाई राष्ट्रिय खेलकुद परिषद्का अध्यक्ष युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराज (अथक) ले शितल निवासमा निमन्त्रणा पत्र प्रदान गरेका हुन्।

सो अवसरमा राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिव कोइराला, सदस्य-सचिव टंकलाल घिसिङ र सदस्य दीपेन्द्र विष्ट उपस्थित हुनु हुन्थ्यो।

पोखरा रंगशालामा असोज २८ गते हुने नवौं राष्ट्रिय खेलकुदको सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीबाट समुद्घाटन हुने कार्यक्रम अनुसार निमन्त्रणा गरिएको हो। त्यस अवसरमा राष्ट्रपति भण्डारीलाई राष्ट्रिय खेलकुदका विषयमा हालसम्म भएका कार्य प्रगतिका बारे पनि जानकारी गराइएको थियो।

# राष्ट्रिय खेलकुदका लागि ९ हजारको बीमा

**काठमाडौं/मस-** राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुदमा सहभागी हुने खेलाडीलगायत गरी ९ हजार जनाको विमा गरिदिने भएको छ। त्यसका लागि राखेप र राष्ट्रिय बीमा कम्पनीबीच मंगलबार सम्झौता भएको छ।

राखेपका सदस्य-सचिव टंकलाल घिसिङ र कम्पनीका प्रमुख कार्यकारी अधिकृत शंकर अर्यालले सम्झौता पत्रमा हस्ताक्षर गरे।

विमित खेलाडीको संख्या ६ हजार रहेको छ भने बाँकी ३ हजारमा निर्णायक, प्रशिक्षक, व्यवस्थापक, कर्मचारी, अफिसियलगायत रहेको नवौं राष्ट्रिय खेलकुद कार्यकारी समितिको सचिवालय प्रमुख फणिन्द्र पौडेलले जनाएका छन्।

# राखेप र नेपाल टेलिभिजन बीच सम्झौता



**काठमाडौं/मस–** गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुदको प्रत्यक्ष प्रशारण नेपाल टेलिभिजनले गर्ने भएको छ। सो सम्बन्धी सम्झौता पत्रमा राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ र नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष समिरजंग शाहले मंगलबार हस्ताक्षर गरे।

सम्झौता अनुसार नेपाल टेलिभिजनले नवौं राष्ट्रिय खेलकुदको उद्घाटन र समापन तथा विभिन्न खेलका सेमिफाइनल देखिका प्रतियोगिताको प्रत्यक्ष प्रशारण गर्ने छ भने ३६ वटै खेलको हाइलाईट्स र प्रोमो प्रशारण गर्ने सहमति भएको छ।

सो अवसरमा सदस्य-सचिव घिसिङले लामो इतिहास बोकेको नेपाल टेलिभिजनसंग जोडिएर सहकार्य गर्न पाउँदा खुशी लागेको बताउँदै कास्कीमा हुने खेललाई मात्र नभई कास्की बहिरा हुने खेललाई पनि उत्तिनै प्राथमिकता दिएर नेपाल टेलिभिजनले गतिविधि प्रशारण गर्नेमा आफू विश्वस्त रहेको बताए। सदस्य-सचिव घिसिङले नेपाली खेलकुदको सबैभन्दा ठूलो खेल उत्सवलाई संसारले नियाल्ने अवसर प्राप्त गरोस् भन्ने उद्देश्यले प्रत्यक्ष प्रशारण महत्वपूर्ण पाटो भएको धारणा व्यक्त गरे।

कार्यकारी अध्यक्ष शाहले परिषद्ले बृहत खेलकुदको प्रत्यक्ष प्रशारणका लागि नेपाल टेलिभिजनलाई निरन्तरता दिएकोमा खुशी व्यक्त गर्दै प्रतियोगिता सफल बनाउने प्रमुख दायित्व परिषद्को भए पनि नेपाल टेलिभिजनको पनि उत्तीकै जिम्मेवारी हुने बताएका छन्। राज्यकै कार्यक्रम भएकाले सम्पूर्ण क्षेत्रबाट सहयोग हुनु पर्नेमा शाहको जोड छ। राष्ट्रिय खेलकुद गण्डकी प्रदेशमा असोज २८ देखि कात्तिक ३ गतेसम्म हुँदैछ।

## साउदीमा रोजगारको अवसर
कम्पनी: BLUE HOUR CAFE TO SERVE DRINKS
शहर : RIYADH

पूर्व स्वीकृत मिति : २०७९/०२/१० चलानी नं.: ६०१७९६४६ LT. No.: 263451 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | स. काममा दक्ष | 1500 | ५१,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १९ गते (5 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ५३०/०६१/०६२
**Metta International Pvt. Ltd.**
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोन: ४१११२६९, ४१११२६७ Fax.: 4112978
Email- mettaint5@gmail.com,info@mettaint.com Web.: www.mettaint.com

Province Government
Ministry Of health
## Province Public Health Laboratory
Province No. 1 Biratnagar, Nepal

## Invitation For Electronic Bids

**First Date of Publication: 2079–06–12 ( sep 28, 2022)**

Ministry Of Social Development, Province Public Helth Laboratory Province No. 1 Biratnagar invites electronic bids from eligible bidders for procurement of PCR Reagents as mentioned in table to be delivered at the PPHL store, Biratnagar under National Competitive Bidding.

| IFB NO. | Iteam | Price of Bid document | Bid Security | Bid Security Validity |
|---|---|---|---|---|
| PPHL/NCB/G/ 01-2079/80 | Procurement Microscope | 3000 | 65000.00 | Dec 29, 2022 |
| PPHL/NCB/G/ 02-2079/80 | Procurement Fully Automated Waste water Treatment system | 3000 | 150000.00 | Dec 29, 2022 |

Interested eligible bidders may obtain further information and inspect the Bidding Documents from the Province Public Health Laboratory, Biratnagar on GON official working days from the date of IFB publication between office hours or, may visit e–GP system: https://bolpatra.gov.np/egp

Bidding documents is available online and can be downloaded from https://bolpatra.gov.np/egp

| Information to deposit the Bid Document Fee | Information to deposit the Bid Security |
|---|---|
| Name of the Bank: Rastriya Banijya Bank, Biratnagar | Name of the Bank: Rastriya Banijaya Bank |
| Name of the office: Province Public Health Labratory | Name of Office: Province Treasury Contorller Office |
| Office code no. : 3700113021 | Office Code no.: 3700113021 |
| Office account no.: 1000100201010001 | Office Account no.: 2120100202030000 |
| Rajaswa (revenue) Shirshak no: 14229 | |

Bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12 am 2079-07-14 (31Oct , 2022).

The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm 2079-07-14 (31 Oct, 2022) at the office of Province Public Health Laborotory.

## Japan मा रोजगार
१. कम्पनी : YAMANASHI MEDICAL CARE COOPERATIVE BUSINESS ASSOCIATION
शहर : YAMANASHI

JAPAN मुलुकको विभिन्न बहु प्रतिष्ठित कम्पनीहरूबाट नेपाली कामदारहरूको माग भै आएकोले इच्छुक व्यक्तिहरूले सक्कल राहदानी, १२ प्रति पासपोर्ट साईजको सेतो पर्दा भएको फोटो तथा अनुभबका प्रमाणपत्र सहित तुरून्त सम्पर्क गर्नुहोला।

पूर्व स्वीकृत मिति: २०७९/०१/०६ चलानी नं.: ६०१७८३८१ LT. No.: 253342 पून विज्ञापन

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Care Worker | 3 | 4 | 174033 | १,५६,६२९ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

२. कम्पनी : FUAN BUSINESS COOPERATIVE
शहर : JAPAN

पूर्व स्वीकृत मिति: २०७९/०१/०७ चलानी नं.: ६०१७८९५८ LT. No.: 258077 पून विज्ञापन

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 6 | 0 | 139302 | १,२५,३७१ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा असोज २३ गते (9 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १९ वर्ष पुरा भई २५ वर्ष ननाघेको अविवाहित हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ६ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कुल खर्च** : जम्मा रु ५०,०००।- मात्र

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्।
५) अनिवार्य रुपमा विमा गराउनुहोस्।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता मा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस्।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**नोट : जापानिज भाषामा N4 Level Pass गर्नुभएकाहरूले मात्र सम्पर्क गर्नुहोला।**

**Oxon International Pvt. Ltd.**
श्रम इजाजत नं. ९८९/०६७/०६८
New Baneshwor-10, Kathmandu, Tel.: 01-4581800
Mo.: 9802032116 E-mail : oxonkk@gmail.com

## BAHARAIN मा रोजगारको अवसर
कम्पनी: THUMBS UP SPA
शहर: BAHARAIN

पूर्व स्वीकृत मिति: २०७९/०६/११ चलानी नं.: ६०१८८३९९ L.T. No.: 272691

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ५१,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairdresser | 0 | 3 | | 150 | ५१,८४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १९ गते (5 October 2022) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निशुल्क |

**Jobs Global.Com Employment Services Pvt. Ltd.**
Govt. Lic. No 192/057/058
P.O. Box: 23080, Basundhara, Kathmandu, Nepal
Tel : 5907240 Fax: +977-1-4002625
Email: jobsglobalnepal@gmail.com | Web: www.jobsglobal.com
https://www.facebook.com/JobsglobalNepal

## मलेसियामा रोजगार
कम्पनी: DKSH MALAYSIA SDN BHD
शहर: Malaysia, Selangor

पूर्व स्वीकृत मिति: २०७९/०६/०३ चलानी नं.: ६०१८८०१० LT. No.: 272227

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Storage Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज २७ र २८ गते (13 & 14 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Kanchanjunga Overseas Pvt. Ltd.**
Govt. Lic. No. 582/062/063
Gyankunja Marga, Shantinagar, Kathmandu, Tel.: 4621331, 4621332
E-mail : kanchanjungha582@gmail.com, Web.: www.kanchanjunghaoverseas.com

### ब्याजदर वृद्धिको प्रभाव

# बैंकहरूमा भित्रियो निक्षेप, कर्जा प्रवाहमा पनि वृद्धि

**हरिप्रसाद अर्याल**
काठमाडौं, ११ असोज

ब्याजदर वृद्धि गर्ने राष्ट्र बैंकको नीतिसँगै वित्तीय संस्थाहरूमा निक्षेप भित्रने क्रम बढेको छ। भदौ महिना लगातार बढेको निक्षेपले असोज पहिलो साता पनि निरन्तरता पाएको हो।

नेपाल बैंकर्स संघले जनाएअनुसार असोजको पहिलो सातामा बैंकहरुको निक्षेप २६ अर्ब १४ करोड रुपैयाँले बढेको छ। भदौ अन्तिम साता ४४ खर्ब ८६ अर्ब रुपैयाँ रहेको बैंकहरुको कुल निक्षेप असोज पहिलो साताको अन्तिममा आइपुग्दा ४५ खर्ब १२ अर्ब रुपैयाँ पुगेको छ।

बैंकर्स संघले जनाएअनुसार यो अवधीमा विदेशी मुद्राको निक्षेपमा पनि समान्य वृद्धि भएको छ।

निक्षेप बृद्धि गरेका बैंकहरुले यो अवधिमा कर्जा रकम पनि बढाएका छन्। तथ्यांकअनुसार यो अवधिमा ४ अर्ब रुपैयाँ थप कर्जा दिएका छन्। भदौ अन्तिम साता ४१ खर्ब ९० अर्ब रुपैयाँ रहेको बैंकहरुको कुल कर्जा असोज पहिलो साताको अन्त्यसम्म आइपुग्दा ४१ खर्ब ९४ अर्ब रुपैयाँ पुगेको छ।

असोज १ गतेदेखि वाणिज्य बैंकहरूले निक्षेपमा ब्याजदर वृद्धिसँगै ग्राहकका लागि विभिन्न योजनाहरू पनि सार्वजनिक गरेका थिए। जसका कारण बैंकहरूमा निक्षेप बढेको हो।



बैंकहरुले ब्याजदर बढाएसँगै सहकारी क्षेत्रमा रहेको पैसासमेत बैंकमा आउन थालेको छ। जसका कारण बैंकहरूमा केही महिनामै प्रर्याप्त तरलता हुनसक्ने अनुमान गरिएको छ।

केन्द्रीय बैंकले ब्याजदर बृद्धि गर्ने नीति लिएसँगै बैंकहरुले मुद्दतीमा आकर्षक योजना ल्याएका छन्। निक्षेप तान्ने होडमा दुई गुणादेखि १० गुणासम्मका योजना बैंकहरुले सञ्चालनमा ल्याएका छन्। आर्कषक योजना र आर्कषक ब्याजका कारण मानिसहरु निक्षेप योजनामा आफ्नो रकम जम्मा गरेका छन्।

आर्कषक योजना सार्वजनिक भएसँगै भदौ महिनामा मात्रै ५२ अर्ब निक्षेप संकलन भएको थियो। राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार बैंकहरूमा भदौको पहिलो सातामै १९ अर्ब निक्षेप थपिएको थियो। भदौ मसान्तसम्म २६ वाणिज्य बैंकहरूको निक्षेप ४४ खर्ब ८५ अर्ब ५१ करोड पुगेको थियो। १९ अर्ब थपिएर निक्षेप ४५ खर्ब ४ अर्ब पुगेको राष्ट्र बैंकले जनाएको छ।

बैंकहरूले ऋण प्रवाह भदौ मसान्तसम्म ४१ खर्ब ९० अर्ब २८ करोड रुपैयाँ पुगेको थियो भने ५ अर्ब मात्रै ऋण प्रवाह असोज महिनामा भएको छ। हाल बैंकहरूको ऋण प्रवाह समग्रमा ४१ खर्ब ८५ अर्ब पुगेको राष्ट्र बैंकको तथ्यांकमा रहेको छ।

# डलरको भाउ आकासियो महँगी थप बढ्ने त्रास

**सागर तिमल्सिना**
काठमाडौं, ११ असोज

एक अमेरिकी डलरको खरिदका लागि आज एक सय ३० रुपैयाँ ३० पैसा तिर्नुपर्छ। यस्तै बिक्री दर एक सय ३० रुपैयाँ ९० पैसा तोकिएको छ। यो हालसम्मकै बढी हो।

लगातार उकालो लाग्दै अमेरिकी डलरको भाउ नयाँ बिन्दुमा पुग्दा त्यसबाट अर्थतन्त्रका समग्र क्षेत्रमा प्रभाव पर्न जान्छ। आयातमुखी अर्थतन्त्र भएको नेपालमा डलरको मूल्य बढ्दा त्यसले महँगी बढाउने र जनजीवन प्रभावित पार्ने छ। नेपाली रुपैयाँको भारतीय रुपैयाँसँग स्थिर विनिमय दर रहेको छ। अमेरिकी डलरको तुलनामा भारतीय रुपैयाँ खस्किँदा त्यसको प्रभाव नेपाली रुपैयाँमा पनि परेको हो।

रसिया र युक्रेन युद्धका कारण संसारभरकै अर्थतन्त्रमा चाप परेको तथा अमेरिकाको फेडरल रिजर्भले अगाडि सारेको नीतिका कारण पनि विश्वरभर नै डलर बलियो बन्दै गएको छ। अर्थशास्त्री डा चन्द्रमणि अधिकारीका अनुसार अमेरिकी डलरको मूल्यमा भएको लगातारको वृद्धिले मुलुकको अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्नेछ।

नेपाल आयातमुखी अर्थतन्त्रमा आधारित देश भएकाले पनि डलरको मूल्य बढ्दा त्यसले माल वस्तुको आयातमा बढी मूल्य तिर्नुपर्ने अवस्थाको सिर्जना गरिदिएको छ। निर्यातको मात्रा ३० प्रतिशत भन्दा माथि रहेको भए डलरको मूल्य बढ्दा त्यसले सकारात्मक प्रभाव पार्ने भए पनि नेपालको अवस्था त्यस्तो नभएकाले समस्या नै उत्पन्न गर्ने डा अधिकारीको भनाइ छ। उनले विप्रेषण आप्रवाहमा केही सकारात्मक प्रभाव पर्ने भए पनि पेट्रोलियम पदार्थको आयातका लागि गर्नुपर्ने खर्च तथा विभिन्न आयोजनाका लागि आयात गर्नुपर्ने उपकरण, परामर्शदातालाई तिर्नुपर्ने रकम तथा अन्य माल वस्तुको खरिदमा बढी पैसा भुक्तानी गर्नुपर्ने भएकाले डलरको मूल्यमा हुने वृद्धिले समस्या पार्न सक्ने बताए।

अमेरिकी डलरको मूल्यवृद्धि हुँदा विदेशबाट आउने विप्रेषण आप्रवाहमा केही सकारात्मक प्रभाव पर्न सक्छ। चाडपर्वको समयमा बढी विप्रेषण भित्रने गर्छ। तर, विप्रेषण बढी भित्रिएपनि तीनका परिवारले विदेशबाट नै आयात गरिएका माल वस्तुको खरिद गर्दा देशभित्र पैसा रहने अवस्था भने कम नै हुने उनको भनाइ छ। पर्यटक बढी आएको भए डलरको मूल्यवृद्धिले सकारात्मक नै प्रभाव पार्ने थियो भन्छन् डा. अधिकारी।

**झापा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
टाघनडुब्बा, झापा,
१ नं. प्रदेश, नेपाल

**हार्दिक शुभकामना**

महान चाडं बडा दशैं, दिपावली तथा छठ पर्व - २०७९ को पावन अवसरमा यस झापा गाउँपालिकावासी सम्पूर्ण वुबाआमा, दाजुभाई, दिदीबहिनी लगायत समस्त नेपाली नागरिकहरुमा सुखः शान्ति, सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

| गजेन्द्र थपलिया | अन्जुदेवि थपलिया | जय नारायण शाह |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

एवं
समस्त गाउँपालिका परिवार

# ग्लोबलको 'धनवृष्टि मुद्दती योजना' ग्राहकको रकम दुई वर्षमै दोब्बर

**काठमाडौं/मस–** ग्लोबल आइएमई बैंकले दुई वर्षमै दुई गुणा हुने मुद्दती योजना सार्वजनिक गरेको छ। बैंकले सार्वजनिक गरेको 'ग्लोबल आइएमई धनवृष्टि मुद्दती योजना'अन्तर्गत ग्राहकको निरन्तर बचत गर्ने बानीलाई प्रोत्साहन गर्न प्रारम्भिक रकमको १० प्रतिशत त्रैमासिक रुपमा (अन्तिम त्रैमासबाहेक) जम्मा गर्दा प्रारम्भिक रकमको दुई गुणा दुई वर्षमै प्राप्त हुने जनाएको छ।

योजनामा सहभागी हुन न्यूनतम मौज्दात १० हजार रुपैयाँ रहेको छ। उदाहरणको लागि कुनै ग्राहकले १ लाख रुपैयाँ रकम राखेर 'ग्लोबल आइएमई धनवृष्टि मुद्दती योजना' अन्तर्गत खाता खोल्दा हरेक तीन महिनामा १० हजार रुपैयाँका दरले सात पटकसम्म रकम थप्दै जानुपर्ने बैंकले जनाएको छ।




यसरी रकम थप्दा २ वर्षको अवधिमा उक्त रकम दुई गुणा हुनेछ। अन्तिम त्रैमासमा भने रकम थप्न नपाइने बैंकले जनाएको छ। मुद्दती निक्षेपको अवधि समाप्तिमा ग्राहकले २ गुणा रकम प्राप्त गर्ने बताइएको छ।

योजनाले साना व्यवसाय गर्ने, नोकरी एवम् निश्चित आय भएकाहरुलाई निरन्तर बचत गर्ने बानी प्रोत्साहन गर्न उपयुक्त हुने विश्वास बैंकको छ।

# एनएमबिको 'बडा दशैंमा, बडा डिजिटल धमाका'

**काठमाडौं/मस–** एनएमबि बैंकले आफ्ना ग्राहकहरूलाई कार्ड र मोबाइल बैंकिङ्ग छुट र क्यासब्याक सुविधा प्रदान गर्न बिभिन्न स्टोर र ब्रान्डसँग सहकार्य गरेको जनाएको छ। वडा दशैंलाई लक्षित गरी २ हजारसम्मको छुट सुविधाहरू प्रदान गरेको बैंकले जनाएको छ।

एनएमबि बैंकले २०७९, आश्विन १० देखि बडा दसैँमा बडा डिजिटल धमाका सुरु गरेको छ जस अन्तर्गत ग्राहकले मोबाइल बैंकिङ्ग र कार्ड प्रयोग गर्दा २ हजारसम्म पैसा बचत गर्न सक्नेछन्।

एनएमबि बैंकको ग्राहकहरु डेबिट कार्ड बाट ई-कमर्श/पोसमा कारोवार गर्दा १०% वा रु ३०० सम्म क्यासब्याक पाइने बैंकले जनाएको छ। त्यस्तै, एनएमबि बैंकको ग्राहकहरु क्रेडिट कार्ड बाट ई-कमर्श-पोसमा कारोबार गर्दा २० % वा रु ५०० सम्मको क्यासब्याक पाइने बैंकले जनाएको छ। एनएमबि बैंकको ग्राहकहरुले इएनएमबि एपबाट एनटिसी/एनसेल टपअपमा ३% तत्काल क्यासब्याक अफर पाइने बैंकले जनाएको छ। त्यसको साथसाथै, एपबाट क्यूआर पेमेन्ट गर्दा १०% वा रु २०० सम्मको क्यासब्याक पाइने बैंकले जनाएको छ।

# प्रभुका ग्राहकले हेटौंडको चुरे हिल हस्पिटलमा छुट पाउने

**काठमाडौं/मस–** प्रभु बैंकका ग्राहकहरुले हेटौंडाको चुरे हिल हस्पिटलको विभिन्न सेवामा छुट पाउने भएका छन्। छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ।

बैंकको तर्फबाट हेटौंडा शाखा कार्यालय प्रमुख अशोक प्रताप साह र चुरे हिल हस्पिटलको तर्फबाट प्रशासनिक प्रमुख रविन्द्रकुमार थापाले उक्त सम्झौतामा हस्ताक्षर गरेका छन्।




प्रभु बैंकमा खाता खोलेर बैंकिङ कारोबार गरिरहेका सबै ग्राहकहरुले चुरे हिल हस्पिटलले सञ्चालन गरिरहेको आइसीयुबाहेकका सम्पूर्ण सेवामा १५ प्रतिशत छुट पाउने बैंकले जनाएको छ। यस्तै, फार्मेसीमा पाइने औषधि शुल्कमा पनि ५ प्रतिशत छुट पाउने सम्झौतामा उल्लेख छ। यो सुविधा लिन चाहने बैंकका ग्राहकहरुले बैंकको डेबिट/क्रेडिट कार्ड, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ च्यानलहरु प्रयोग गरी भुक्तानी गर्दा छुट पाउने बैंकले जनाएको छ।

# नेप्से परिसूचकमा सुधार

**काठमाडौं/मस–** केही सातादेखि नै निरन्तर ओरालोमा देखिएको शेयर बजारमा मंगलबारदेखि सकारात्मक संकेत देखिएको छ। मंगलबार शेयर बजार परिसुचक दोहोरो अंकले बढेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १५ दशमलव ९२ अङ्कले उकालो लागेर एक हजार आठ सय ३१ दशमलव शून्य पाँच अंकमा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ५४ अङ्कले उकालो लागेर तीन सय ५८ दशमलव १४ मा पुगेको छ। मंगलबार कूल दुई सय २९ कम्पनीको २१ लाख सात हजार सात सय ४२ कित्ता शेयर रु ६६ करोड ३० लाख १३ हजार मूल्यमा कारोबार भयो। कारोबार भएका कूल १३ उपसमूहमध्ये ११ उपसमूहको शेयर मूल्य उकालो लागेको छ भने दुई उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ।

मंगलबार कारोबार भएकामध्ये रिडी पावर कम्पनी शीर्ष स्थानमा देखिएको थियो। सो कम्पनीको रु दुई करोड ८५ लाख ३१ हजार चार सय ४७ बराबरको कारोबार भयो। नबिल बैंक रु दुई करोड ६१ लाख ६८ हजार एक सय १७, सानिमा माई हाइड्रोपावर रु दुई करोड २६ लाख १९ हजार पाँच सय ८९, नेप्डो समृद्धि लघुवित्त रु दुई करोड १८ लाख ४० हजार छ सय ५० र हिमालयन डिस्टिलरी रु एक करोड ७९ लाख ९८ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।




**बीमा समिति**
**BEEMA SAMITI**
Insurance Regulatory Authority of Nepal
(नेपालको बीमा नियमनकारी निकाय)

**बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरू**

- प्रस्ताव फाराममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरू स्पष्टसँग खुलाई भर्ने।
- बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवं सुविधाबारे जानकारी लिएर मात्र बीमा गर्ने।
- बीमितले आफ्नो आवश्यकता पेशा, व्यवसाय एवं आम्दानीको स्रोत समेतलाई मध्यनजर गरी बीमा गरौं अन्यथा समयावधि पूरा नहुँदै बीमालेखलाई निरन्तरता दिन नसकिने हुन सक्दछ।
- बीमालेख बीमा शुल्क बुझाउने, बीमालेख नवीकरण गर्ने समय, इच्छाएका व्यक्तिको नाम, बीमालेख बमोजीम दाबी रकम पाउनेरनपाउने जस्ता विषयमा बीमालेख खरिद गर्नु अगाडि नै बुझ्नुपर्दछ।
- बीमितले बीमा शूल्क बुझाएपछि यसको आधिकारिक भर्पाइ वा रसिद लिनुपर्दछ।
- बीमा सम्बन्धी प्रस्ताव फाराम बीमित स्वंमले भर्नुपर्नेछ। बीमित निरक्षर वा प्रस्ताव फाराम भर्न नसक्ने भएमा निजले तोकेको व्यक्तिले प्रस्ताव फाराम भर्नुपर्नेछ।
- बीमितले आफूले बीमा गर्न लागेको बीमा कम्पनीको बारेमा राम्रोसँग बुझेर मात्र बीमा गर्नुपर्दछ।
- बीमालेख नवीकरण गर्ने समय ख्याल गरी समयमै विमालेख नवीकरण गर्नुपर्नेछ।
- बीमा सम्बन्धी नीति नियमहरू बारे जानकारी राख्नुपर्दछ।
- आफुले खरिद गरेको बीमालेखसँग सम्बन्धित सम्पूर्ण कागजातहरू सुरक्षित राख्नुपर्दछ।
- प्रविधिको विकाससँग विभिन्न बैंक तथा एसएमएस मार्फत घरमै वसी बीमा शुल्क बुझाउन सकिने भएको हुँदा सो सम्बन्धी यथेष्ट जानकारी लिएर मात्र बीमा गर्नुपर्दछ।
- बीमा गरिसकेपछि आफूले बीमा गरेको बारेमा परिवारका सदस्य तथा इच्छाइएको व्यक्तिलाई जानकारी गराउनुपर्दछ।

बीमा सम्बन्धी थप जानकारीको लागि
**बीमा समिति**
कुपण्डोल, ललितपुर
फोन : ०१-५५३८७४३, ५५२१०७९,
फ्याक्स : ०१-५५२०११९
Email : info@nib.gov.np
website : www.nib.gov.np
टोल फ्रि नं : १६६०-०१-५६७८९



**नोट :** बीमकले दायित्व निर्धारण नगरेमा वा गरे पनि विमितलाई मर्का पर्ने गरि दायित्व निर्धारण गरेमा बीमीतले त्यसको कारण समेत खोलि बीमा समितिमा उजुरी गर्न सकिन्छ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ